पान नं. २०१२९६९९४

कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, धनकुटा

प.सं.: २०८२/०८३
च.नं. ८६५८

मितिः २०८२।११।२५
(नेपाल संवत् ११४६ चिल्लागा ६, सोमवार)

विषयः सूचना टाँस गरी जानकारी पठाई दिनु हुन ।

श्री जिल्ला समन्वय समितिको कार्यालय, धनकुटा ।
श्री जिल्ला प्रशासन कार्यालय, धनकुटा ।
श्री प्रदेश लेखा इकाई कार्यालय, धनकुटा ।
श्री नगरकार्यपालिकाको कार्यालय, धनकुटा नगरपालिका, धनकुटा ।
श्री नगरकार्यपालिकाको कार्यालय, महालक्ष्मी नगरपालिका, धनकुटा ।
श्री नगरकार्यपालिकाको कार्यालय, पाख्रीबास नगरपालिका, धनकुटा ।
श्री गाउँकार्यपालिकाको कार्यालय, शहिदभूमी गाउँपालिका, धनकुटा ।
श्री गाउँकार्यपालिकाको कार्यालय, छथरजोरपाटी गाउँपालिका, धनकुटा ।
श्री गाउँकार्यपालिकाको कार्यालय, साँगुरीगढी गाउँपालिका, धनकुटा ।
श्री गाउँकार्यपालिकाको कार्यालय, चौबिसे गाउँपालिका, धनकुटा ।
श्री सामुदायिक वन उपभोक्ता महासंघ नेपाल, जिल्ला महासंघ धनकुटा ।
श्री वन पैदावार उद्योग व्यवसायी संघ, धनकुटा ।
श्री सब डिभिजन वन कार्यालय, सबै, धनकुटा ।

धनकुटा नगरपालिका कार्यालय
दर्ता नं. : 2263
दर्ता मिति : २०८२।११।२५

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट मिति २०८२/११/२५ मा प्रथम पटक प्रकाशित स्विकृत बिभिन्न वार्षिक कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सार्वजनिक सूचना थान १ (पाना एक) तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी सो को जानकारी पठाई दिनुहुन अनुरोध छ ।

२०८२।११।२५

सञ्जीवराज ढकाल
डिभिजनल वन अधिकृत

"सक्षम निजामती प्रशासनः बिकास, समृध्दि र शुसासन"

dhankutadfo@gmail.com, dfodhankuta.koshi.gov.np, डिभिजन वन कार्यालय धनकुटा

पान नं. २०१२९६९९४

कोशी प्रदेश सरकार

# पर्यटन, वन तथा वातावरण मन्त्रालय

वन निर्देशनालय

# डिभिजन वन कार्यालय, धनकुटा

प.सं.: २०८२/०८३

(प्रथम पटक प्रकाशन मिति: २०८२।११।२५)

डिभिजन वन कार्यालय, धनकुटाको आ.ब. २०८२/८३ को लागि यस कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका कार्यक्रमहरू सञ्चालनको लागि ईच्छुक, व्यक्ति, वन समूह, वन पैदावार संकलन तथा व्यवसायमा आबद्ध फर्म, सङ्गठित संघ-संस्थाहरुले प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र कार्यालय समयभित्र तोकिएको ढाँचा अनुसारको प्रस्ताव पेश गर्नुहुन अनुरोध छ ।

तपसिल

| सि.नं. | कियाकलापको नाम | बजेट रु. | प्राथमिकता प्राप्त जडिबुटीहरू | छनौट गरिएका पकेट क्षेत्रहरू |
|---|---|---|---|---|
| १ | पकेट क्षेत्रमा जडीबुटी संरक्षण | ४,८०,००० | तेजपात, बोकेटिमुर टिमुर, चिराईतो, चुत्रो, मजिठो, चिउरी, रुद्राक्ष, हर्रो, बर्रो, अमला, बेल, पाखनवेद, लप्सी, अर्गेली, ठुलो ओखती, लौठसल्ला, जैतुन, बेलचना | धनकुटा जिल्लाका सबै पालिका |
| २ | प्राकृतिक जडीबुटी संरक्षण तथा खेति विस्तार | ४,८०,००० | | |
| ३ | बासस्थान संरक्षण | ३,००,००० | सिमसार संरक्षण, बृक्षारोपण, वनजन्य फलफुल रोपण | राष्ट्रिय वनको सम्भाव्य क्षेत्रमा |
| ४ | एक सामुदायिक वन एक संरक्षण पोखरी | १,००,००० | संरक्षण पोखरी निर्माण तथा स्तरोन्नती | |
| ५ | पानी मुहान संरक्षण | २,००,००० | पानी मुहानको संरक्षण | |
| ६ | सिमसार संरक्षण तथा व्यवस्थापन | ५,००,००० | धाप, दलदले क्षेत्रमा सिमासार निर्माण तथा पुर्नस्थापना लगायत | |
| ७ | बन्यजन्तु तथा बासस्थान संरक्षण कार्यक्रम | ४,००,००० | बृक्षारोपण, वनजन्य फलफुल रोपण, गुँड व्यवस्थापन लगायत | |

पुनश्च :

- प्रस्तावमा समावेश गर्नुपर्ने विषयहरु : जडिबुटि सम्बन्धीः पृष्ठभूमि, उद्देश्य, कार्यान्वयन विधि, अपेक्षित उपलब्धि, रोजगारी सिर्जना, वातावरणीय लेखाजोखा, व्यावसायिक उत्पादन गर्न सक्ने क्षमता, बजारको पहुँच, प्रस्तावकको लगानीको हिस्सा, वैदेशिक रोजगारीबाट फर्किएको भए सो सम्बन्धी तथ्य र प्रस्तावकको अनुभव खुलाउनु पर्नेछ तथा प्रस्तावकको लगानी कूल लगानीको कम्तीमा २०% हुनुपर्नेछ । अन्य कृयाकलापः पृष्ठभूमि, उद्देश्य, कार्यान्वयन विधि, अपेक्षित उपलब्धि, वातावरणीय लेखाजोखा, रा.व. क्षेत्रमा चराचुरुङ्गी/वन्यजन्तुलाई पिउन र विचरण गर्न पानी, वन डढेलो नियन्त्रण, सिंचाई, Groundwater recharge, पानीको मुहान संरक्षण, वनजन्य फलफुल रोपण गरि बासस्थान संरक्षण लगायतका कृयाकलाप हुने सुनिश्चितता खुलाउनु पर्नेछ तथा प्रस्तावकको लगानी कूल लगानीको कम्तीमा १०% हुनुपर्नेछ ।
- संलग्न गर्नुपर्ने थप कागजातहरुः नागरिकताको प्रतिलिपि, जग्गाधनी प्रमाणपुर्जा प्रतिलिपि, जग्गाको तिरो तिरेको रसिद, संस्थाको हकमा संस्थादर्ता प्रमाणपत्र/नवीकरण प्रतिलिपि, समूहको हकमा समूहको निर्णय, सम्बन्धित स्थानीय तहको सिफारिस, सम्बन्धित सब-डिभिजन वन कार्यालयको सिफारिस, प्रस्तावकको स्थायी लेखा नं. र बैंक खाता ।
- यस कार्यक्रम सम्बन्धमा प्रस्तावको ढाँचा लगायत अन्य थप जानकारीको लागि डिभिजन वन कार्यालय, धनकुटाको Website: dfodhankuta.koshi.gov.np, फोन नं. ०२६-५२२२२९, कार्यलय प्रमुखको ९८५२०५०५२९, सूचना अधिकारीको ९८५२०६०५२९ र कार्यालयको ईमेल : dhankutadfo@gmail.com मा सम्पर्क राख्नु हुन अनुरोध छ । प्रस्ताव छनौटका आधारहरु जडीबुटी फोकल टीम, धनकुटाले गठन गरेको मूल्यांकन समितिले निर्धारण गरे बमोजिम हुनेछ ।